# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०३।२४ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

त्रिभुवन विश्वविद्यालय सहायक डीन पदमा कार्यरत शम्भु प्रसाद पटेल भन्ने शम्भुप्रसादले सेवाग्राहीको कलेज संचालन अनुमति रद्द हुन सक्छ भनी विभिन्न बहाना बनाई डर त्रास देखाई घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिई गएको टोलीले निज प्रा.डा.शम्भु प्रसाद पटेल भन्ने शम्भु प्रसादलाई सेवाग्राहीसँग रू.५०,०००।—(अक्षरुपी पचास हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज सहायक डीन प्रा.डा.शम्भु प्रसाद पटेल भन्ने शम्भु प्रसादले बदनियतपुर्ण र योजनावद्द तरिकाले आफ्नो ओहदासम्बन्धी काम गर्ने क्रममा सेवाग्राहीको कलेज संचालन अनुमति रद्द हुन सक्छ भनी डर त्रास देखाई सेवाग्राहीसँग घुस रिसवत माग गरी लिएको स-प्रमाण पुष्टि भएकाले सहायक डीन प्रा.डा.शम्भु प्रसाद पटेल भन्ने शम्भु प्रसादले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसूर गरेको देखिएकोले निजलाई विगो रू.५०,०००।—(पचास हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम सजाय र सोही ऐनको दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता